स.वि.द.नं.: ३१०/०४९/०५०

# NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
# राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

COOP

च.नं. २६४/०६६/०६८

**श्री सम्पूर्ण सदस्य संघहरू**

मितिः २०७७/०९/१५

**विषयः सहकारी पुरस्कारहरु सम्वन्धमा ।**

सहकारी व्यवसायलाई मर्यादित रुपमा संचालन गरी अभियानको गुणामत्क विकास र विस्तारमा रचनात्मक योगदान पुऱ्याउने सहकारी संघ/संस्थाहरु र संघमा कार्यरत कर्मचारीहरुलाई सम्मान गरि अभियान थप उर्जाशिल रहनका लागि उत्प्रेरित गर्ने उद्देश्यले यस महासंघले "सहकारी पुरस्कार छनौट निर्देशिका २०७५" बमोजिम प्रत्येक वर्ष विभिन्न विधामा क्रियाशिल सहकारी संघ/संस्था तथा ब्यक्तिहरुलाई पुरस्कृत गर्दै आइरहेको व्यहोरा विदितै छ । प्रत्येक वर्षको राष्ट्रिय सहकारी दिवशका दिन उक्त पुरस्कारहरु घोषणा हुने र अन्तर्राष्ट्रिय सहकारी दिवशका दिन विशेष समारोहका साथ उक्त पुरस्कारहरु वितरण गरिदै आएको व्यहोरा समेत स्मरण गराउन चाहन्छु ।

तसर्थ, आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन र अन्य आवश्यक कागजात संलग्न गरी संघ भए अनुसूचि १ र संस्था भए अनुसूचि २ भरी माथिल्लो संघ वा नियमनकारी निकायबाट संघले अनुसूचि ६ र संस्थाले अनुसूचि ७ भराई सिफारिस सहित र संघमा कार्यरत कर्मचारीहरुले अनुसूचि ४ भरी आवद्ध संघबाट अनुसूचि ९ भराई सिफारिस सहित देहाय अनुसारका पुरस्कारको लागि सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाइ २०७७ माघ मसान्तभित्र आवेदन पेश गर्नुहुन अनुरोध छ ।

## पुरस्कार विवरण

क) उत्कृष्ट सहकारी पुरस्कारः- अनुकरणीय कार्य गर्ने सहकारी संघहरूमध्येबाट

ख) उत्कृष्ट सहकारी व्यवसाय पुरस्कारः- विषयगत विधाहरूमा उत्कृष्ट कार्य गर्ने प्रारम्भिक सहकारी संस्थाहरू (१ महिला सहकारी संस्था सहित) प्रत्येक प्रदेशबाट

ग) उत्कृष्ट सहकारी कर्मचारी पुरस्कारः- महासंघमा आवद्ध सदस्य संघहरूमा कार्यरत उत्कृष्ट कर्मचारीमध्येबाट

पुनश्चः पुरस्कारको लागि भर्नुपर्ने उल्लेखित अनुसुचि एंव अन्य फारामहरु यस महासंघको वेवसाइट **www.ncfnepal.com.np** बाट डाउनलोड गर्न सकिनेछ । इमेल मार्फत पठाइएका कागजातहरु मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ । साथै, केन्द्रीय संघहरु तथा जिल्ला सहकारी संघहरुका हकमा माथिल्लो संघको सिफारिस आवश्यक नपर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

सम्पर्कका लागिः ०१-५०१०११६,५०१००३३, ९८४१४५२१०१

सहभागिताका अपेक्षा सहित सहकारी अभिवादन!

(चित्रा कुमारी थाम्सुहाङ्ग सुब्बा)
महाप्रबन्धक

**वोधार्थः**

श्री सहकारी विभाग, नयाँ बानेश्वर, काठमाण्डौ ।
श्री सम्पूर्ण प्रदेश कृषि, भूमिव्यवस्था तथा सहकारी मन्त्रालय ।
श्री सम्पूर्ण स्थानीय तहहरु ।

Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu
+977-1-5010116, 5010033, 5010089
ncf@wlink.com.np, ncfcoop@gmail.com

visit Nepal 2020 Lifetime Experiences